यहि मिति २०८२ जेठ महिनाको १४ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुः

१. यस गाउँपालिका गाउँ कार्यपालिकाको अघिल्लो बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल र समीक्षा गरियो ।

२. महाभारत गाउँपालिकाको वडा नं ८ घर्तीछापमा नेपाल सरकारको अनुदानबाट निर्माणधिन दश शैय्याको अस्पताल भवन निर्माण आयोजनाको म्याद सार्वजनिक खरिद नियमावली (चौधी संशोधन २०८२) बमोजिम २०८१।०२।०१ गते देखि २०८२ माघ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

३. महाभारत गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमालाई व्यवस्थित एवम् योजनाबद्ध तरिकाले अगाडी बढाउन देहाय अनुसारको नीति तथा कार्यक्रम र बजेट तर्जुमा कार्ययोजना २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

४. महाभारत गाउँपालिकाको सवै वडाहरुका भूभागलाई समेट्ने गरी भू उपयोग ऐन २०७६ तथा नियमावली २०७९ वमोजिम तयार गरिएको भू वर्गीकरण योजना स्वीकृत गर्ने र नक्सा अध्यावधिक गर्न नापी विभागलाई अनुरोध गर्ने र स्वीकृत भू-वर्गीकरण योजना बमोजिम कार्य अगाडी बढाउन मालपोल कार्यालय काभ्रेपलाञ्चोकलाई पत्राचार गर्ने निर्णय गरियो ।

५. चालु आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकार र महाभारत गाउँपालिकाको समपूरक अनुदान तर्फको तीनखुट्टे सरदुङ बुढाखानी सडक आयोजना (गाउँपालिकाको केन्द्रलाई विपी राजमार्ग जोड्ने सवैभन्दा छोटो दुरीमा रहेको ) को पूर्वाधार विकास शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदन तथा प्रस्ताव बमोजिम हुनेगरी सरदुङ उकालो खण्डको जोड्न बाँकी रहेको ९० मिटर सडक ढलान कार्य सम्पन्न गर्न तीनखुट्टे सरदुङ बुढाखानी सडकको स्रोत सुनिश्चिततासहित भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो साथै आगामी गाउँ सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

६. महाभारत गाउँपालिकाको विभिन्न वडामा एक वडा एक प्राविधिकका रुपमा कार्यरत कृषि तथा पशु सेवाका करार सेवामा कार्यरत कर्मचारीको तलव भूक्तानी कृषि तथा पशु सेवा शाखावाट पेश भएको प्रस्ताव वमोजिम हुने गरी रकम भूक्तानी गर्ने निर्णय गरियो साथै आगामी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

७. चालू आर्थिक वर्ष ०८१/०८२ देखि महाभारत गाउँपालिकाको पर्यटन पूर्वाधार विकास आयोजना कार्यप्रारम्भलगानी तथा लागत साझेदारीमा बहुवीय (३ आर्थिक वर्षमा सम्पन्न हुन) आयोजनाको रुपमा सञ्चालन हुने गरी देहायका कूल लागत अनुमान, शर्ट र मापदण्ड पालना गर्ने प्रतिवद्धता सहित आयोजना स्वीकृतका लागि प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

तपशिलः

प्रस्तावित आयोजनाको जम्मा लागत अनुमान रु ४,९५,९७,४१४ मात्र/-

- स-हलगानी ढाँचा - कूल लागतको [illegible] प्रदेश सरकार र २० % प्रतिशत लागत स्थानीय सरकारले व्यहोर्ने,
- आयोजना निर्माण सम्पन्न पश्चात प्राप्त आम्दानी स्थानीय सरकारको सञ्चित कोषमा ६०% र प्रदेश सञ्चित कोषमा ४०% जम्मा गर्ने,
- आयोजना निर्माण सम्पन्न पश्चात स्थानीय सरकारलाई हस्तान्तरण पछि प्रयोग र संरक्षण गर्ने दायित्व गाउँपालिकाले गर्ने;
- प्रस्तावित आयोजना स्वीकृत पश्चात प्रदेश सरकार र स्थानीय सरकारबीचमा सम्झौता गरी कार्य प्रारम्भगर्ने,
- योजना बहुवर्षीय आयोजनाको रुपमा योजना बैंकको रुपमा समावेश गरी कार्यान्वयन हुने,
- आयोजना कार्यान्वन ढाँचा बहुवर्षीय (३ आर्थिक वर्षमा सम्पन्न हुने),
- अयोजना सुरुवात हुने वर्ष- आर्थिक वर्ष २०८१/०८२ देखि ।

८. महाभारतै गाउँपालिकाको गत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक लेखापरीक्षणमा विधिसम्मत तरिकाले सम्पन्न भई महालेखा परीक्षकको ६२ औं प्रतिवेदनमा गाउँपालिकालाई देशैभरिबाट एकमात्र शुन्य वेरुजु भएको पालिका बनाउन सहयोग गर्नुहुने जनप्रतिनिधि तथा कर्मचारी परिवारलाई वधाई एंव महालेखा परीक्षकको कार्यालय लगायत सम्वद्ध सवै सरोकारवालाङश्रलाई कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

कान्छामान जिम्बा
प्रवक्ता

...........

कान्छामान जिम्बा
प्रवक्ता